annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८५ पृष्ठ ८ | काठमाडौं, आइतबार २५ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | SUNDAY, NOVEMBER 10, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## के हो मध्यपूर्वको युद्ध, जहाँ २० लाख नेपाली छन्

मध्यपूर्वमा हाल भीषण द्वन्द्व चलेको छ । यस क्षेत्रमा २० लाखको हाराहारीमा नेपाली श्रमिक कार्यरत छन् । प्रत्यक्ष युद्धमा होमिएको इजरायलमा १५ हजार र लेबनानमा १५ सय नेपाली कार्यरत रहेको अनुमान छ । प्यालिस्टाइनी क्षेत्रमा नेपालीहरू छैनन् । यही क्षेत्रमा युद्धले बिकराल रूप लिइहाले उनीहरूको उद्धार गर्न नेपाल सरकारलाई हम्मे-हम्मे नै पर्ने छ ।

मेघराज सापकोटा | *दुबई*

– को रिपोर्ट

समाचार पृष्ठ २

- २०२३ अक्टोबर ७ मा हमासद्वारा उत्तरी इजरायलमा आक्रमण
- १२ सयको मृत्यु, हमासद्वारा २ सय ५१ बन्धक
- इजरायलद्वारा निरन्तर जवाफी हमला
- अक्टोबर १ को राति इरानद्वारा इजरायलमा आक्रमण
- इजरायलद्वारा अक्टोबर २६ मा इरानमाथि जवाफी आक्रमण

इजरायलद्वारा गाजामा गरिएको रकेट आक्रमण । ● एपी

## एजेन्सीले एकमुष्ट टिकट बिक्री गर्न नपाउने

**काठमाडौं** (अन्नपूर्ण) : नागरिक उड्डयन प्राधिकरणले हवाई टिकट उपलब्धता एवं सहज र सुलभ हवाई यातायात सञ्चालनमा पाँचबुँदे निर्णय गरेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ट्याक्सी वे निर्माणका लागि दैनिक १० घण्टा विमानस्थल बन्द भएकाले हवाई यातायात सहज बनाउनका लागि शनिबार बसेको बैठकले पाँचबुँदे निर्णय गरेको हो। बैठकले सम्पूर्ण वायुसेवा सञ्चालकहरूले ट्राभल एजेन्सीहरूलाई पछि टिकट बिक्री गर्ने गरी एकमुष्ट रूपमा टिकट बिक्रीको अधिकार हस्तान्तरण गर्ने व्यवस्था खारेज गरेको छ। सम्पूर्ण वायुसेवा कम्पनीहरूले यसको अनिवार्य पालना गर्ने निर्णय भएको छ।

यस्तै सबै वायुसेवा सञ्चालकहरूले उडान वृत्त बमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने, ट्राभल एजेन्सीहरूसँग टिकट बिक्रीको सम्झौता गर्दा निश्चित संख्यामात्र बिक्री गर्न सकिने र तोकिएको परिधिमा रही मात्र सेवा शुल्क लिने गरी व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने उल्लेख गरिएको छ।

बैठकमा क्यानका महानिर्देशक, पर्यटन मन्त्रालयका प्रतिनिधि, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि, अन्तर्राष्ट्रिय उडान गर्ने स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीका प्रतिनिधि सहभागी थिए।

## उपनिर्वाचनमा केन्द्रित हुन एमालेको निर्देशन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेले पार्टी पंक्तिलाई मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनमा केन्द्रित हुन निर्देशन दिएको छ। शनिबार बसेको सचिवालय बैठकले निर्वाचनका लागि सिफारिस भई आएका पार्टीका उम्मेदवारको नाम पनि अनुमोदन गरेको छ। 'निर्णय भईआएका उम्मेदवारहरूको नाम अनुमोदन गर्ने काम गरेको छ र सिंगो पार्टी पंक्तिलाई निर्वाचनमा एमालेको विजयीका निम्ति सम्पूर्ण सामर्थ्यका साथ परिचालन हुन आह्वान पनि गरेको छ', बैठकपछि एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले भने।

स्थानीय तह उपनिर्वाचनमा सत्ता सहयात्री दलसँग पनि स्वस्थ प्रतिस्पर्धा हुने ज्ञवालीले जानकारी दिए। उनले गठबन्धन गर्ने विषयमा कुनै छलफल नभएको बताए। 'चुनावी गठबन्धन गर्ने विषयमा छलफल भएको छैन। एमालेले एक्लै उपनिर्वाचन लड्छ। सत्ता साझेदार दलसँग स्वच्छ प्रतिस्पर्धा गर्छ,' ज्ञवालीले भने। बैठकले उम्मेदवारहरूको टुंगोसमेत लगाएको उनको भनाइ छ।

उनका अनुसार कीर्तिपुरको प्रमुखमा डा. सुरेन्द्र मानन्धर, ग्रामथान गाउँपालिकाको अध्यक्षमा तुल्सीराम विश्वास, नलगाड नगरपालिकाका उपप्रमुखमा सुनिता बोहोरा, स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्षमा सुलोचना कुमारी भण्डारी बोहोरा, सर्केगाड गाउँपालिकाको उपाध्यक्षमा जाना शाही, गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा उमालुंगेली शेर्पा र पुथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा केशकुमारी तुलाचन उम्मेदवार छन् । उम्मेदवार टुंगिन बाँकी दैलेखको महाबु गाउँपालिकाको अध्यक्षबारे निर्णय लिने अधिकार सचिवालयले प्रदेश कमिटीलाई दिएको छ। आगामी मंसिर १६ मा ४४ स्थानमा उपनिर्वाचन हुन गइरहेको छ।

निर्वाचनमा स्थानीय आवश्यकताको आधारमा राजनीतिक दलहरूसँग सहकार्य हुनसक्ने उनले बताए।

» बाँकी पृष्ठ ६

## वन्यजन्तु असुरक्षित, काँक्रेविहारमा वनभोज रोक

**ललितबहादुर बुढा** | *सुर्खेत*

सुर्खेतको पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वको काँक्रेविहार क्षेत्रमा वनभोज खान रोक लगाइएको छ। कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय स्थलसमेत रहेको काँक्रेविहार वन्यजन्तुको बासस्थान पनि हो। तर, पछिल्ला वर्षहरूमा यहाँ पुग्ने पर्यटक र वनभोज खानेहरूको भीडले वन्यजन्तु असुरक्षित भएपछि काँक्रेविहार क्षेत्रमा वनभोज खान र रमाइलो गर्न रोक लगाइएको हो।

वीरेन्द्रनगर नगरपालिका-९ मा रहेको काँक्रेविहारमा संरक्षित वन पनि छ। त्यहाँ जरायो, खरायो, दुम्सी र स्याललगायतका वन्यजन्तु पाइन्छन्। काँक्रेविहारमा रहेको ऐतिहासिक मन्दिर र वन्यजन्तुको अवलोकनका लागि पर्यटकहरू आउने गर्छन्। तर, संरक्षित क्षेत्रभित्र वनभोज खाने, रमाइलो गर्ने र होहल्ला गर्ने जस्ता मानवीय क्रियाकलाप बढेपछि यहाँका वन्यजन्तु असुरक्षित बनेको डिभिजन वन कार्यालयले जनाएको छ।

वन्यजन्तु असुरक्षित भएपछि काँक्रेविहार क्षेत्रमा वनभोज खान, रमाइलो गर्न र होहल्ला गर्न रोक लगाइएको कार्यालयले बताएको हो। डिभिजन वन कार्यालय सुर्खेतले मंगलबार सूचना जारी गरी काँक्रेविहार संरक्षण क्षेत्रभित्र रहेका वन्यजन्तुको सुरक्षाका लागि वनभोज खान रोक लगाइएको जनाएको छ।

» बाँकी पृष्ठ ६



**वीरेन्द्रनगरस्थित संरक्षित वन क्षेत्रमा रहेको ऐतिहासिक महत्त्वको काँक्रेविहार मन्दिर ।**
● अन्नपूर्ण

